समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा, युवा तथा खेलकुद शाखा

### इलाम

Green Ilam

पत्र संख्या: ०८२/८३

चलानी नः २२५५

कोशी प्रदेश,नेपाल

मितिः २०८३/०१/०७

**विषय:-शुल्कको सीमा निर्धारण सम्वन्धमा।**

**श्री सबै संस्थागत विद्यालयहरू,**
**इलाम नगरपालिका, इलाम।**

प्रस्तुत विषयमा सरोकारवालाहरू (संस्थागत विद्यालयका प्रतिनिधि, जनप्रतिनिधि, विद्यार्थी प्रतिनिधि, अभिभावक) को सहभागिता समेतमा इलाम नगरपालिका, नगर शिक्षा समितिको मिति २०८३/०१/०३ गतेको बैठकको निर्णयानुसार देहायका बुँदा सुनिश्चित हुने गरी शैक्षिक सत्र २०८३ का लागि तपसिलबमोजिम **अधिकतम शुल्क** सीमा निर्धारण गरिएकोले उक्त सीमाभित्र रही विद्यालय सञ्चालन गर्नु गराउनु हुन अनुरोध छ।

तपसिलः

| क्र.सं. | कक्षा | मासिक शुल्क | वार्षिक शुल्क | नयाँ भर्ना शुल्क |
|---|---|---|---|---|
| १ | नर्सरी | १९११ | ३८२२ | १९११ |
| २ | एल के जी | २००७ | ४०१३ | २००७ |
| ३ | यू के जी | २०६४ | ४१२८ | २०६४ |
| ४ | एक | २३४४ | ४६८८ | २३४४ |
| ५ | दुई | २४६१ | ४९२३ | २४६१ |
| ६ | तीन | २५३२ | ५०६३ | २५३२ |
| ७ | चार | २५७९ | ५१५७ | २५७९ |
| ८ | पाँच | २६२६ | ५२५१ | २६२६ |
| ९ | छ | २७७९ | ५५५८ | २७७९ |
| १० | सात | २९१८ | ५८३६ | २९१८ |
| ११ | आठ | ३००१ | ६००२ | ३००१ |
| १२ | नौ | ३६३० | ७२६१ | ३६३० |
| १३ | दश | ३६९६ | ७३९३ | ३६९६ |
| १४ | एघार | ४०२९ | ८०५८ | ४०२९ |
| १५ | बाह्र | ४१०४ | ८२०८ | ४१०४ |

देहायः

१. निर्धारण गरिएको शुल्क विवरण २०८३/०१/१५ गतेसम्ममा विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ।
२. विद्यालयमा पहिलो पटक भर्ना हुन आउने बालबालिकाको लागि मात्र नयाँ भर्ना शुल्क लिन पाइनेछ।

२०८३/०१/०८
अधिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

## इलाम

पत्र संख्या: ०८२/८३

चलानी नं:

कोशी प्रदेश,नेपाल

३. वार्षिक शुल्क भन्नाले खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत संभार, पुस्तकालय, प्राथमिक उपचार बापतको जम्मा शुल्क भन्ने बुझिन्छ।

४. परीक्षा शुल्क मासिक शुल्कको ५० प्रतिशतमा नबढाइकन वार्षिक वा किस्तामा लिनु पर्नेछ। स्थानान्तरण प्रमाणपत्रको खर्च यसै भित्र समेट्नु पर्नेछ।

५. शैक्षिक सामग्री शुल्क मासिक शुल्कको १० प्रतिशत सम्म वर्षको एक पटक लिन पाइनेछ।

६. स्थानान्तरण प्रमाणपत्र लिई आउने विद्यार्थीलाई प्रवेश परीक्षा बापत बढीमा रू. १०० र फारम शुल्क बापत रू २५ सम्म शुल्क लिन सकिने छ।

७. आवास व्यवस्थापन शुल्क, दिवा भोजन वा खाजा शुल्क, परिवहन शुल्क र विशेष प्रशिक्षण शुल्क विद्यालयले प्रस्ताव गरी उक्त सुविधा उपभोग गर्ने विद्यार्थीहरूको कम्तीमा पनि दुई तिहाइ अभिभावकहरूको भेलाबाट पारित गरेर लागू गर्नुपर्नेछ।

८. शैक्षिक सत्र २०८२ मा नियमानुसार तोकिएको निःशुल्क छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको विवरण **मिति २०८३/०१/१५** गतेसम्ममा IEMIS मा अद्यावधिक गर्नुपर्नेछ।

९. शैक्षिक सत्र २०८३ का लागि नियमानुसार तोकिएको निःशुल्क छात्रवृत्ति सुनिश्चित गरी सोको विवरण शिक्षा शाखामा बुझाउनु पर्नेछ।

२०८३।०१।०८

राधिका घिमिरे

शाखा अधिकृत

**बोधार्थः**

श्री प्रमुख ज्यू, प्रमुख ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री उपप्रमुख ज्यू, उपप्रमुख ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम।

श्री सबै वडा कार्यालयहरू, इलाम नगरपालिका, इलाम।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।